कोभिड-१९ सम्वन्धी प्रतिकार्य
बुलेटिन
रुकुम (पश्चिम) जिल्लाको संकट व्यवस्थापन केन्द्र (CMC) द्वारा प्रकाशित
मिति २०७७ बैशाख १५ गते सोमबार
बर्ष १ अंक १

## प्रारम्भ

हाल विश्वव्यापी रुपमा फैलिरहेको नोभल कोरोना भाइरस (कोभिड-१९) को उच्च जोखिममा नेपाल समेत रहेको अवस्थालाई दृष्टिगत गर्दै नेपाल सरकार द्वारा घोषित लकडाउनलाई यस जिल्लामा कडाइ पुर्वक प्रभावकारी रुपमा कार्यान्वयन गर्दै जोखिमको न्यूनिकरण तथा प्रभावकारी रोकथाम र नियन्त्रण गर्ने सन्दर्भमा उक्त कोभिड-१९ को दृढतापुर्वक प्रतिकार्य गर्न यस रुकुम (पश्चिम) जिल्लामा संकट व्यवस्थापन केन्द्र (CMC) ले आपसी समन्वयात्मक र प्रभावकारी तवरवाट नेतृत्वदायी ढंगवाट गरेका काम कारवाहीलाई आम जनमानस समक्ष प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

कोभिड-१९ का कारण यस जिल्लामा उत्पन्न विषम परिस्थितिको सशक्त र प्रभावकारी प्रतिकार्य गर्न आम जनमानसहरुलाई उच्च सतर्कताकासाथ लकडाउनको प्रभावकारी कार्यान्वयन गर्न र यथासम्भव सुरक्षाका सम्पुर्ण उपायहरु अपनाई आफ्नो घर भित्र सुरक्षित रहन अनुरोध गर्दै तथा क्रियाशिल सुरक्षा निकायहरु, स्थानीय तहहरु, स्वास्थयकर्मीहरु, सर्वसाधारणहरु तथा अन्य सरोकारवालाहरुवाट आपसि समन्वयात्मक तवरवाट अझ वढी सहयोग र समर्थनको अपेक्षा गरिएको अवस्थाको विद्यमानता छ ।

## संकट व्यवस्थापन केन्द्र (CMC) को सक्रियताः-

यस जिल्लामा कोभिड-१९ को बढ्दो सम्वेदनशीलता एवं त्यसको जोखिम न्यूनिकरण तथा प्रभावकारी रोकथाम र नियन्त्रण गर्न एवं कोभिड-१९ सम्वद्ध सम्पुर्ण गतिविधिहरुको आवश्यक समन्वय, सहजिकरण तथा अनुगमन समेतका कार्य गर्न संकट व्यवस्थापन केन्द्र (CMC) कटिवद्ध र क्रियाशिल छ ।



Crisis Management Center (CMC) बैठक

गृह मन्त्रालय तथा अन्य तालुक निकायवाट प्राप्त परिपत्र, निर्देशन एवं आदेशहरुको पुर्ण तथा प्रभावकारी कार्यान्वयन गर्न आवश्यकता र औचित्यको आधारमा बैठकको नियमित आयोजना भइ समग्र गतिविधहरुको विश्लेशण तथा निर्णयहरुको प्रभावकारी कार्यान्वयनको समिक्षा गरी तदनुरुपको समन्वयात्मक र निर्देशनात्मक निर्णयहरु गरी त्यसको पुर्ण परिपालना गर्ने गराउने गरिएको छ ।

यसैविच रुकुम पश्चिम जिल्लावाट प्रतिनिधित्व गर्ने संघीय संसद (प्रतिनिधी सभा) तथा पुर्व गृहमन्त्री माननीय जनार्दन शर्मा "प्रभाकर" को पहल कदमी र नेतृत्व तथा यस जिल्लावाट कर्णाली प्रदेशमा प्रतिनिधित्व गर्ने माननिय संसदहरु, जिल्लाका जनप्रतिनिधिहरु र अन्य सरोकारवालाहरुको सक्रिय उपस्थितिमा कोभिड-१९ सम्वन्धी बैठक बसी त्यसको प्रभावकारी रोकथाम र नियन्त्रण गर्ने सम्वन्धमा अवलम्वन गर्नुपर्ने रणनीतिहरुको छलफल भई स्थानीय तह केन्द्रित आवश्यक निर्णयहरु समेत भएका छन् । आजका मिति सम्म CMC का ०७ (सात) वटा बैठकहरु र कमाण्ड पोष्टका ०७ (सात) वटा औपचारिक बैठकहरु सम्पन्न भइ आवश्यक निर्णयहरु भएका छन् ।

**CMC का पदाधिकारीहरु र सम्पर्क नं.**

| नामथर | पद | कार्यालय | सम्पर्क नं. |
|---|---|---|---|
| श्री राजकुमार शर्मा | प्रमुख एवं सल्लाहाकार | जि.स.स. रुकुम (प.) | ९८५७८४५७७७ |
| श्री उपेन्द्रराज पौड्याल | प्र.जि.अ. एवं अध्यक्ष | जि.प्रशा.का. रुकुम (प.) | ९८५७८३७७७७ |
| श्री शान्तिराम प्रसाइ | जि.स.अ. एवं सदस्य | जि.स.स. रुकुम (प.) | ९८५७८६६२२२ |
| श्री दिनेश गौतम | प्र.से./गणपती एवं सदस्य | नरसिंहदल गण रुकुम (प.) | ९८५७८२४४७७ |
| श्री ठगबहादुर के.सी. | प्र.ना.उ. एवं सदस्य | जि.प्र.का. रुकुम (प.) | ९८५७८३५५५५ |
| श्री धनबहादुर सिंह ठकुरी | स.प्र.ना.उ. एवं सदस्य | स.प्र.वल नं. ४७ गुल्म रुकुम (प.) | ९८४८१०२३३८ |
| श्री भगेन्द्रबहादुर चन्द | प्र.अ.अ. एवं सदस्य | रा.अ.जि.का. रुकुम (प.) | ९८५७८२४२८९ |
| डा. श्री महेश चौलागाई | स्वा.से.का. प्र. एवं सदस्य | स्वा.से.का. रुकुम (प.) | ९८४८१२४१९७ |

## Rapid Response Team (RRT) र Patient Receiving Team (PRT) गठन:

निर्णयहरुको प्रभावकारी र जराधार तह सम्म कार्यान्वयन गर्न CMC को मिति २०७६-१२-२५ को निर्णयानुसार Rapid Response Team (RRT) र Patient Receiving Team (PRT) गठन भई काम कारवाहीमा प्रभावकारीता कायम भइरहेको अवस्थाको विद्यमानता छ ।

Medical Emergency को वेलामा स्वास्थ्य सेवा कार्यालय

**RRT का पदाधिकारीहरु र सम्पर्क नं.**

| नामथर | पद | कार्यालय | सम्पर्क नं. |
|---|---|---|---|
| श्री शेरबहादुर पुन | स.प्र.जि.अ. एवं संयोजक | जि.प्रशा.का. रुकुम (प.) | ९८५७८२००९० |
| डा. श्री महेश चौलागाई | स्वा.से.का. प्र. एवं सदस्य | स्वा.से.का. रुकुम (प.) | ९८४८१२४१७९ |
| श्री दिपेन्द्र बुढा | सह सेनानी एवं सदस्य | नरसिंहदल गण रुकुम (प.) | ९८५८०५१७३३ |
| श्री हरिबहादुर ओली | प्र.नी. एवं सदस्य | जि.प्र.का. रुकुम (प.) | ९८५१२८१९७३ |
| श्री दिपक चन्द | स.प्र.नी एवं सदस्य | स.प्र.वल नं. ४७ गुल्म रुकुम (प.) | ९८४९५१६९९६ |
| सुश्री रमा गौतम | सभापति एवं सदस्य | ने.रे.क्र.सो. रुकुम प. (प.) | ९८४७८५२४९४ |

**PRT का पदाधिकारीहरु र सम्पर्क नं.**

| नामथर | पद | कार्यालय | सम्पर्क नं. |
|---|---|---|---|
| श्री रामबहादुर कटुवाल | प्र.ना.नी एवं संयोजक | जि.प्र.का. रुकुम (प.) | ९८६८२९४९०३ |
| श्री मिलन रावत | हे.अ. एवं सदस्य | स्वा.से.का. रुकुम (प.) | ९८६६१७१००६ |
| श्री खडकबहादुर ददेल | ह.स.चा. एवं सदस्य | मुसिकोट न.पा. रुकुम (प.) | ९८५७८७७५०० |

रुकुम पश्चिमको समन्वयमा क्रियाशिल सुरक्षा निकायहरु, स्वास्थ्यकर्मीहरु तथा अन्य सरोकारवालाहरु तत्काल उद्धार प्रयोजनको लागी टोली परिचालन समेत हुने गरी तयारी अवस्थामा रहेको र सो सम्वन्धमा क्रियाशिल रहेको अवस्था छ ।

## जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को सक्रियताः-

जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) रुकुम पश्चिमको मिति २०७७-०१-०८ गते जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम)मा जिल्ला समन्वय समिति प्रमुख, सबै स्थानिय तहका प्रमुखहरु र अन्य सरोकारवालाहरुको सक्रिय उपस्थितिमा घनिभुत छलफल सम्पन्न गरियो । उपर्युक्तानुसार कोभिड-१९ को सशक्त प्रतिकार गर्न स्थानिय तहहरुले आवश्यक पहल कदमी लिने र सम्वद्ध सम्पुर्ण गतिविधिकहरुको स्थानीय प्रशासनले आवश्यक समन्वय र सहजिकरण गर्ने गराउने निर्णय गरियो ।





जिल्ला विपद् व्यवस्थापन समितिको वैठकमा सरोकारवालाहरु घनिभुत छलफल गर्दै

## कोभिड-१९ मैत्री एम्वुलेन्स तयार

यस जिल्लामा कोभिड-१९ का शंकास्पद विरमीहरुलाई पहिचान गरी उपचार गर्ने पसुरक्षित तवरले अस्पताल सम्म लैजान जिल्लाका कुल एम्वुलेन्स मध्ये ०३ (तिन) वटा एम्वुलेन्सलाई विशेष रुपमा Modify गरी सञ्चालनमा ल्याइएको छ ।





## यस जिल्ला भित्र रहेका एम्वुलेन्सहरुको विवरण

| सि.नं. | एम्ब्लेन्सको धनी (निकाय) | एम्वुलेन्स नं. | चालकको | |
|---|---|---|---|---|
| | | | नाम थर | फोन नं. |
| १ | मुसिकोट नगरपालिका | रा १ झ १७१ | खड्कबहादुर ददेल | ९८५७८७७५००, ९८४४९४५४८६ |
| २ | आठविसकोट नगरपालिका | रा १ झ १५५ | रमेश नेपाली | ९८६६१७४३७१ |
| ३ | चौरजहारी नगरपालिका | भे १ झ २९३ | प्रेम महर | ९८५७८७८५८५ |
| ४ | सानीभेरी गाउँपालिका | रा १ झ १७३ | रमित वि.क. | ९८५५३०७२६७ |
| ५ | बाँफिकोट गाउँपिलका | बा ३१ झ ९४१ | चालक हाल नरहेको | |
| ६ | कुसारि पोली क्लिनिक | रा १ च ७८१ | देवराज शाही | ९८१०८०२४३३ |
| ७ | उदय युवा क्लव | लु १ च ३९०७ | सोभिराम खड्का | ९८५७८४८५८५ |
| ८ | चण्डिमाइ रिसर्च प्रा.ली. | से १ च ५८८ | कृष्णकुमार ददेल | ९८५७८५८५८५ |
| ९ | पुवार थापा क्षेत्री कल्यान समिति | रा १ च ५२९ | देवराज बुढाथोकी | ९८५११८२०६३ |
| १० | नेपाल रेडक्रस सोसाइटी | बा ७ च ३७७० | डिल्ली बहादुर रोका क्षेत्री | ९८५८०२५२०० |

## मुसिकोट नगरपालिकामा वजार अनुगमण

जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम) को अगुवाइ, मुसिकोट नगरपालिकाको समन्वय र अन्य सरोकारवालाहरुको सक्रिय उपस्थितिमा मिति २०७६-१२-२० गते र २०७७-०१-०९ देखी २०७७-०१-१० गतेसम्म मुसिकोट वजार क्षेत्र र सोलावाङ वजार क्षेत्रमा कोभिड१९ लक्षित वजार अनुगमण कार्य सम्पन्न गरिएको छ।

कुल ३६ वटा औषधि पसलहरु, मासु पसलहरु तथा खाद्यान्न पसलहरुमा अनुगमण गर्दा खाद्यान्नको मौज्दात रहेको, अत्यावश्यक स्वास्थ्य सामाग्रीहरुको पर्याप्तता रहेको तथा

उपभोक्ताहरुको स्वास्थ्य सुविधा र आर्थिक हित कायम गर्न एवं गुणस्तरीय वस्तुमाथी उपभोक्ताको सहज पहुँच कायम गर्न गराउन आवश्यक निर्देशन समेत दिइयो ।






## लकडाउनको प्रभावकारी कार्यान्वयन

नेपाल सरकार द्वारा घोषित लकडाउनलाई यस जिल्लामा कडाइकासाथ प्रभावकारी कार्यान्वयन गर्न क्रियाशिल सुरक्षा निकायहरु, स्थानिय तहहरु तथा आम सर्वसाधारणहरुको स्वतस्फुर्त

जागरणमा लकडाउनको प्रभावकारी कार्यान्वयन जारी रहेको तथा निषेधाज्ञा समेत प्रभावकारी रहेको अवस्था जारी छ ।






## क्वारेनटाइन तथा आइसोलेसन निर्माण र Swab संकलन एवं परीक्षण

कोभिड-१९ को वढ्दो जोखिम न्यूनिकरण गर्न तथा प्रभावकारी नियन्त्रण र रोकथाम गर्न कार्योजना मुताविक यस जिल्लाका सम्वन्धीत स्थानिय तहहरु मार्फत द्रुत गतिमा क्वारेनटाइन तथा आइसोलेसन निर्माण र शंकास्पद व्यक्तिहरुको स्वाव संकलन गरी परिक्षण प्रयोजनको लागी नेपाल सरकारले तोकेको



प्रयोगशालामा पठाइ नतिजा प्राप्त गर्ने कार्य जारी रहेको छ ।






## स्वास्थ्य सहायता केन्द्र (Health Desk) को सञ्चालन



यस जिल्लाका स्थानिय तहहरुले मिति २०७७-०१-१४ गतेको आँकडा अनुसार ४० स्थानहरुमा स्वास्थ्य सहायता केन्द्र (Health Desk) को स्थापना गरी नियमित कोभिड-१९ सँग सम्वन्धीत स्वास्थय जाँच गरिरहेका र उक्त चेकजाँचको कार्यलाई निरन्तरता दिइरहेको साथै उक्त केन्द्रवाट मिति २०७७-०१-१४ गते सम्म ११६४६ महिला र १५४६२ पुरुष गरी जम्मा २७१०८ जनाले कोभिड-१९ सँग सम्वन्धीत चेकजाँच गरायको अवस्था रहेको छ ।



## राहत वितरण

यस जिल्लामा रहेका गरिव, निमुखा र काम नगरी चुलो बाल्न नसक्ने अवस्थाका व्यक्तिहरुलाई लक्षित गरी सुरु गरीएको राहत वितरणको कार्यलाई पारदर्शी र चुस्त दुरुस्त रुपमा एक द्वार प्रणाली मार्फत स्थानिय पालिकाहरुले सुरु गरेका साथै राहत वितरण गर्न बाँकी पालिकाहरुले छिटै वितरण गर्ने तयारीमा रहेका ।



कारागार कार्यालय रुकुम पश्चिममा प्रमुख जिल्ला अधिकारी लगायतका पदाधिकारीहरु राहत वितरण गर्दै

| क्र.स. | राहत वितरण गर्ने निकाय | परिवार संख्या | सदस्य संख्या | राहत वितरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | चामल (के.जी.) | दाल (के.जी.) | तेल (लिटर) | चिनि (के.जी.) | चियापत्ती (प्याकेट) | नुन (के.जी.) | साबुन (गोटा) | मास्क |
| १ | चौरजहारी न.पा. | ५९१ | २५३१ | १०६८१ | २५२३ | ८३० | ८३० | ५९१ | ८३० | २१७८ | |
| २ | सानीभेरी गा.पा. | ३३१ | | ८४८० | ९९३ | ६६२ | | | ६६२ | ४ | |
| ३ | आठविसकोट न.पा. | ७२३ | ३९९४ | २१३६० | २१३२ | १४२४ | १४१८ | | १४२४ | २८४८ | ३६७३० |
| ४ | मुसिकोट न.पा. | ७२१ | | १९७०० | २०९६ | १३२९ | | | ११९९ | २०१३८ | २४०५९ |
| | जम्मा | २३६६ | | ६०२२१ | ७७४४ | ४२४५ | २२४८ | ५९१ | ४११५ | २५१६८ | ६०७८९ |

## Rapid diagnostic tests (RDT) परिक्षण

स्वास्थ्य सेवा कार्यालय, रुकुम (पश्चिम) र सम्वन्धीत स्थानिय पालिकामा रहेका स्वास्थ्य शाखाको अगुवाइ र सक्रियतामा मिति २०७७/०१/७ गते देखी २०७७/०१/१३ गते सम्म यस जिल्लामा भारत तथा तेस्रो मुलुक र वाहिरी जिल्लाबाट आएका तथा शंकास्पद व्यक्तिहरु मध्य कुल ८२८ जनामा गरिएको परिक्षणमा सबैको रिपोट नेगेटिभ आएको र थप परिक्षण गर्ने कार्य चलिरहेको छ ।

# फोटो ग्यालेरी (Photo Album)



पुर्व गृहमन्त्री एवं माननिय प्रतिनिधि सभा सदस्य श्री जनार्दन शर्मा "प्रभाकर" द्वारा स्वास्थ्य सेवा कार्यालय रुकुम (पश्चिम)लाइ स्वास्थ्य सामाग्री वितरण गर्दै




उद्दार गरि ल्याएका मजदुरहरुलाइ क्वारेनटाइन स्थल तर्फ लगिदै



उद्दार गरि ल्याएका मजदुरहरुलाइ क्वारेनटाइनमा व्यवस्थापन गर्दै





नरसिंहदल गण रुकुम पश्चिम द्वारा विभिन्न ठाउमा हेल्थ डेस्को स्थापना गरी स्वास्थ्य परिक्षण गरिदै

## नोभल कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण सम्वन्धी गरिएका विभिन्न गतिविधिहरु














## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्वन्धी सचेतनामुलक सन्देश










**प्रकाशक**

# नेपाल सरकार
## गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## Crisis Management Center (CMC)
## रुकुम (पश्चिम)

फोन नं. ०८८५३००४० Website:- https://daorukumwest.moha.gov.np
०८८५३००९० E-Mail:- daorukum@gmail.com
फ्याक्स नं. ०८८५३००९० daorukum@moha.gov.np